आज मिति २०८०/०३/०९ गते अपरान्ह ४:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २) | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | श्री राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६) | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३) | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | श्री शेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १५) | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६) | श्री मान वहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७) | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८) | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०) | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१) | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २३) | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४) | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५) | श्री विन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६) | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७) | श्री अनिल कुमार | कार्यपालिका सदस्य | |
| २८) | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९) | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०) | श्री रामलाल श्रेष्ठ | प्र.प्र.अ/ सचिव | |

**निर्णय नं. १:-**

यस धनगढी उप-महानगरपालिकाको गत आ.व. ०७८/०७९ को यथार्थ आय, चालु आ.व. ०७९/०८० को संशोधित आय अनुमान र आगामी आ.व. ०८०/०८१ को देहाय बमोजिमको प्रक्षेपित आयको अनुमान, नगरसभाको बैठकमा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**धनगढी उप महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, कैलाली**
**कार्यालयको कोड : ८०७७७३०१३००**
**राजस्व तथा अनुदान प्राप्तिको अनुमान**

रु. हजारमा

| शीर्षक | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०७९/८० को संशोधित अनुमान | आ.व. २०८०/८१ को अनुमान |
|---|---|---|---|
| आय | १,७९,०१,२२ | २,०१,२७,१६ | १,९३,०८,२४ |
| राजस्व | ६९,२३,९० | ९७,८८,२० | ९४,९१,१२ |
| आन्तरिक श्रोत | २२,१९,२२ | ५०,५८,८७ | ४७,९३,२० |
| ११३३१ सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | | ० | ५,४०,०० |
| ११३१३ एकीकृत सम्पती कर | ३,९५,४५ | ४,००,०० | ० |
| ११३१४ भुमिकर/मालपोत | | १,०० | १,१० |
| ११३२१ घरवहाल कर | ३,७७,०७ | ३,५०,०० | ५,००,०० |
| ११३२२ वहाल विटौरी कर | १६,५१ | १२,२६ | ३५,०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | ८,०८ | ८,०० | ८,८० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | | |
| ११६९१ अन्य कर | | १,००,०० | १,१०,०० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ८०,९१ | १,१०,०० | १,२१,०० |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ६९ | १,०० | १,१० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | | ० | ५५,०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ४६,९१ | ५०,०० | ० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ९,३१ | १२,०० | १३,२० |
| १४२४१ पार्किङ्ग शुल्क | ५७,२१ | ५२,०० | ८८,०० |
| १४२४२ नक्सापास दस्तुर | ३,३६,६५ | ४,००,०० | ४,४०,०० |

| शीर्षक | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०७९/८० को संशोधित अनुमान | आ.व. २०८०/८१ को अनुमान |
|---|---|---|---|
| १४२४३ सिफारिश दस्तुर | १,७४,४२ | २,५०,०० | २,९३,५८ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १८,३५ | २०,०० | २२,०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ३,६० | ५,०० | ५,५० |
| १४२४९ अन्य दस्तुर | २६ | २,०० | २,२० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | | ४,००,०० | ४,४०,०० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | ६३ | २० | २२ |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ५,१४ | ५,०० | ५,५० |
| १४६११ व्यवसाय कर | २,५३,४० | | |
| ३२१२२ बैंक मौज्दात | | २३,७०,४१ | १२,५०,०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ४७,०४,६७ | ४७,२९,३३ | ४६,९७,९२ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | २३,११,०२ | २३,००,०० | २३,००,०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १६,४०,५९ | २२,४४,९८ | २१,९९,७८ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | ५,३१,३३ | | |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १,२४,३७ | १,४४,८५ | १,५४,१४ |
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | १,५० | ६,०० |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ७,२६ | | |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | १६,५० | १६,५० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | १०,०६ | २१,५० | २१,५० |
| अन्य आय | ४,३४,५५ | ५,१०,०० | ८,६१,०० |
| १४५२९ अन्य राजस्व | ४,२८,६३ | ५,००,०० | ८,५०,०० |
| १५१११ बेरूजू | ५,९२ | १०,०० | ११,०० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | १,०९,६५,२० | १,०३,३८,९६ | ९८,१७,१२ |
| संघीय सरकार | १,००,३७,६१ | १,००,१५,५१ | ९२,८५,०० |
| १३३११ समानिकरण अनुदान | ३१,४८,०० | ३२,८०,०० | २८,४२,०० |
| १३३१२ शसर्त अनुदान चालु | ५९,७७,०३ | ५२,७८,७९ | ५६,९४,०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ६,१६,५७ | ९,०६,७१ | ३,४४,०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | १,८७,०० | २,२०,०० | ३,३०,०० |

| शीर्षक | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०७९/८० को संशोधित अनुमान | आ.व. २०८०/८१ को अनुमान |
|---|---|---|---|
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,०९,०० | ३,३०,०० | ७५,०० |
| प्रदेश सरकार | ९,२७,५९ | ३,२३,४५ | ५,३२,१२ |
| १३३११ समानिकरण अनुदान | २,३०,६८ | २,४३,४५ | २,५७,१२ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | २,७७,०७ | | |
| १३३१४ विषेश अनुदान चालु | ७४,९३ | | |
| १३३१५ विषेश अनुदान पुँजीगत | | ३०,०० | ७०,०० |
| १३३१६ समपुरक अनुदान चालु | ३,४४,९१ | | |
| १३३१७ समपुरक अनुदान पुँजीगत | | ५०,०० | २,०५,०० |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |

**निर्णय नं. २:-**

धनगढी उप-महानगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भै आएको धनगढी उप-महानगरपालिकाको आगामी आ.ब.०८०/०८१ को व्यय अनुमान तर्फको चालु र पूँजीगत तर्फको व्यय अनुमान सहित आगामी आ.व. ०८०/०८१ को वार्षिक योजना तथा कार्यक्रमहरु आगामी नगर सभाको बैठकमा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:-**

यस धनगढी उप-महानगरपालिकाको राजस्व परामर्श समितिको बैठकहरुबाट आगामी आ.व. ०८०/०८१ का लागि विभिन्न कर, शुल्क, सेवा शुल्क र दस्तुर सिफारिस भई आएकोमा आर्थिक विधेयक, २०८० मा समावेश गरी आगामी नगर सभाकों बैठकमा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:-**

यस धनगढी उप-महानगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भै आएको धनगढी उप-महानगरपालिकाको आगामी आ.ब.०८०/०८१ को देहाय बमोजिमको व्यय अनुमान र क्षेत्रगत बाँडफाँड सहितको विनियोजन ऐन, २०८० र योजना तथा कार्यक्रमहरु आगामी नगरसभाको बैठकमा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**कुल व्यय तर्फः-** १ अर्ब ९३ करोड ८ लाख २४ हजार रुपैंया मध्ये चालु तर्फ १ अर्ब १७ करोड ४४ लाख ९७ हजार रुपैया र पूँजीगत तर्फ ७५ करोड ६३ लाख २७ हजार रुपैंया बजेट विनियोजन गरिएको छ ।

**क्षेत्रगत व्यय विवरणः-**

- आर्थिक विकास क्षेत्र तर्फ ९ करोड ६५ लाख ९३ हजार
- सामाजिक विकास क्षेत्र तर्फ ८५ करोड ३६ लाख ५ हजार

- पूर्वाधार विकास क्षेत्र तर्फ ३६ करोड ८३ लाख ७४ हजार
- सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ ५ करोड ६५ लाख ५५ हजार
- कार्यालय संचालन प्रशासनिक खर्च तर्फ ५५ करोड ५६ लाख ९५ हजार

**निर्णय नं. ५ :-**

यस धनगढी उप-महानगरपालिकाको आगामी आ.व. ०८०/०८१ को देहाय बमोजिमको प्रक्षेपित आय/व्ययको अनुमान, आर्थिक विधेयक, २०८०, विनियोजन विधेयक, २०८० सहितको बजेट आगामी नगरसभाको बैठकमा पेश गर्न उप-प्रमुख श्री कन्दकला कुमारी रानालाई र धनगढी उप-महानगरपालिका, संघ-संस्था दर्ता तथा नियमन सम्बन्धी विधेयक, २०८० , धनगढी उप-महानगरपालिका, वन सम्बन्धी विधेयक, २०८० नगरसभाको बैठकमा पेश गर्न कार्यपालिका सदस्य श्री राज बहादुर ऐरलाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:-**

धनगढी उप-महानगरपालिका क्षेत्रभित्र बसोबास गर्ने गैर-नेपाली नागरिक (भारतीय नागरिक) ले कुनै व्यापार व्यवसाय संचालन गर्न चाहेमा सम्बन्धित देशको राजदूतावासबाट प्राप्त परिचय-पत्र वा सिफारिस पेश गरेमा धनगढी उप-महानगरपालिकाको नियमानुसार व्यापार व्यवसाय दर्ता गरी व्यवसायको लागि अनुमति दिने निर्णय गरियो ।

**निर्णय न. ७:-**

विपदको समयमा हुन सक्ने जोखिमबाट सुरक्षित रहनका लागि धनगढी उप-महानगरपालिका अन्तर्गतका १९ वटै वडाहरुबाट सिफारिस भई आएका कुल जम्मा ७३ वटा खुला स्थानको स्थलगत अनुगमन गर्दा तपसिल बमोजिमका ४३ वटा स्थानहरु मात्र सुरक्षाको दृष्टिकोणले उपयुक्त देखिएको र छलफलको क्रममा पुनः संशोधन गरी नयाँ १० स्थान थप हुन गई कुल जम्मा ५३ वटा स्थान कायम हुन गएकोले उक्त स्थानलाई खुला स्थानको रुपमा सूचीकृत गर्ने निर्णय गरियो ।

**तपसिल:**

| क्र.सं. | खुला स्थान रहेको स्थानको नाम | वडा नं. | स्थान(टोल/गाउँ) |
|---|---|---|---|
| १ | • कभर्ड हल<br>• खुला मन्च<br>• पुरानो हवाई मैदान<br>• त्रिनगर मा.बि.को प्रांगण | ०१ | |
| २ | • शारदा मा.बिको मोहना नदि किनारमा भएको खुला चौर ,<br>• सरस्वतीनगर हुदै त्रिवेणी आर्य घाट जाने बाटोको खुला चौर ,<br>• नवदुर्गा स्कुलको खुला चौर | ०२ | |
| ३ | • मोहनापुल नजिक रहेको खुला चौर (अन्दाजी ३० कट्ठा )<br>• गौशाला भन्दा उत्तर पट्टिको खुला मैदान | ०३ | |

| | | | |
|---|---|---|---|
| | • फाप्ला खेल मैदान | | |
| ४ | • नया वडा कार्यालयको पश्चिम तर्फ रहेको खुला चौर | ०४ | |
| ५ | • ध.उ.म.न.पा.०५ थारु संग्रहालय देउथानको उत्तर को चौर<br>• पंचोदय मा.बि.को प्रांगण | ०५ | |
| ६ | • वाशु देवी मा .वि को प्रांगण<br>• भैरव बाबा स्कुलकोचौर<br>• बिजुलिया टोल चौर | ०६ | |
| ७ | • मनेहरा खेलमैदान<br>• पटेला खेलमैदान | ०७ | |
| ८ | • धनगढी नमुना प्राविधिक माध्यामिक बिद्यालयको खेलमैदान। | ०८ | |
| ९ | • भवानी मा.बि.को प्रांगण<br>• बंग्रा कटान बि.ओ.पि.पोस्ट नजिक रहेको खुला मैदान | ०९ | |
| १० | • ठेकराज मा.बि को प्रांगण<br>• दक्षिण काली बहिरा आ.बि. को खुला चौर<br>• बेला आधारभुत बि. को खुला चौर | ११ | |
| ११ | • मनकामना यूवा क्लव खेल मैदान (एगाउँ)<br>• नमुनायूवा क्लव खेल मैदान (बि गाउँ)<br>• वडा कार्यालय संगै जोडिएको खेल मैदान (सी गाउँ)<br>• घाट गद्धीनजिकको हनुमान नगरको यूवा क्लवको खेल मैदान<br>• सिद्धनाथ आ.बि .कोप्रांगण<br>• मुक्तिनाथ आ.बि.को प्रांगण | १२ | |
| १२ | • नवज्योति आ.वि.को प्रांगण।<br>• दुर्गामन्दिर को प्रांगण। | १३ | |
| १३ | • ध.उ.म.न.पा.१४ सागर युवा क्लवको खेलमैदान<br>• ध.उ.म.न.पा.१४ साइपाल युवा क्लवको खेलमैदान<br>• ध.उ.म.न.पा.१४ शिवशक्ति युवा क्लवको खेलमैदान<br>• ध.उ.म.न.पा.१४ न्यू सिद्धार्थ युवा क्लबको खेलमैदान | १४ | सी गाउँ<br>बिगाउँ<br>डी गाउँ<br>एच गाउँ |
| १४ | • सुर्मीकटानको पश्चिमपट्टिको खेल मैदान | १५ | |
| १५ | • बेहडाबाबा खेल मैदान | १६ | |

| | | | |
|---|---|---|---|
| | • दिपेन्द्र चारपाटे मा.बि.को खेल मैदान (होमस्टे ) | | |
| १६ | • पथरी स्थित खेल मैदान | १७ | |
| १७ | • एन.एस.स्टेडियम<br>• स्टेडियम नजिककै रहेको खालीस्थान<br>• चन्द्रोदय मा.बि स्कुलको जग्गा (स्थान )<br>• ए गाउँ ग्रीनपेजको जग्गा (स्थान)<br>• हिमचुली तुलसीबारीखुला स्थान (जग्गा )<br>• फुलवारी बहुमुखी क्याम्पस प्रांगण<br>• खप्तड आ.वि.प्रांगण<br>• पशु हाट बजार स्थल<br>• भु.पु सैनिक आ.वि प्रांगण | १८ | |
| १८ | • जे गाउँ स्थित चौर<br>• आई गाउँ खेल मैदान<br>• टाउन प्लान को खुलाठाँउ | १९ | |

**निर्णय नं. ८:-**

यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्रका मुख्य सडकहरुमा अत्याधुनिक सडकबत्ती तथा मास्ट लाईट जडान गर्ने कार्य यस उप-महानगरपालिका र नेपाल विद्युत प्राधिकरणको संयुक्त लगानीमा गर्ने र लगानीको अनुपात धनगढी उप-महानगरपालिकाको ७० प्रतिशत र नेपाल विद्युत प्राधिकरणको ३० प्रतिशत रहने, उप-महानगरपालिकाले बेहोर्ने कुल अनुमानित रकमको ५० प्रतिशतले हुन आउने रकम सहमति पत्रमा हस्ताक्षर सम्पन्न भए पश्चात र बाँकी ५० प्रतिशत रकम बोलपत्र मार्फत छनौट हुने निर्माण व्यवसायीसँग करार सम्झौता गर्न पूर्व नेपाल विद्युत प्राधिकरणलाई उपलब्ध गराउने र उक्त कार्यको लागि नेपाल विद्युत प्राधिकरणसँगको MOU मा हस्ताक्षर गर्न नगर प्रमुखलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:-**

यस धनगढी उप-महानगरपालिकाको पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यदलको मिति २०८०/०२/२९ गते बसेको बैठकबाट भएको बजेट बाँडफाँडलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:-**

चालु आ.व. ०७९/०८० का लागि नदीजन्य पदार्थ संकलन/ उत्खनन ढुवानी बन्द भएको अवधिमा कुनै व्यवसायीले संकलन गरेको नदीजन्य पदार्थ ओसार/पसार र बिक्रि वितरण गरेमा सो सामाग्री ढुवानी गर्दा स्टक प्रमाणित गर्न प्रति घनमिटर रु. १००।– (अक्षरुपी एक सय मात्र ।) तोक्ने निर्णय गरियो ।

**निर्णय नं.११:-**

यस धनगढी उप-महानगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा खानेपानी उपभोक्ता समिति मार्फत सञ्चालित तपसिल बमोजिमका खानेपानी आयोजनाहरुलाई नेपाल खानेपानी संस्थानलाई हस्तान्तरणका लागि सम्बन्धित खानेपानी उपभोक्ता तथा सरसफाई समितिहरु तथा वडा कार्यालयहरुबाट सिफारिस भई आएकोले उक्त खानेपानी आयोजनाहरुलाई नेपाल खानेपानी संस्थानलाई हस्तान्तरणका लागि सिफारिस गर्ने निर्णय गरियो।

**तपसिल:**

१. धनगढी उप-महानगरपालिका वडा नं. १४ स्थित फुलबारी डिपो खानेपानी उपभोक्ता तथा सरसफाई समितिद्वारा संचालित आयोजना।

२. धनगढी उप-महानगरपालिका वडा नं.१६ स्थित बेहडाबाबा खानेपानी उपभोक्ता तथा सरसफाई समितिद्वारा संचालित आयोजना।

३. धनगढी उप-महानगरपालिका वडा नं. १९ स्थित फुलबारी डिपो खानेपानी योजना निर्माण उपभोक्ता समितिद्वारा संचालित आयोजना।

**निर्णय नं. १२:-**

यस धनगढी उप-महानगरपालिका वडा नं. १ स्थित धनगढी उप-महानगरपालिका कार्यालयको कम्पाउण्ड बाहिरको परिसरमा स्मार्ट सार्वजनिक शौचालय निर्माणका लागि बहु-वर्षीय योजना स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १३:-**

यस धनगढी उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आ.व. २०७९/०८० को वार्षिक कार्यक्रम अन्तर्गत ठेक्का नं. 42/DSMC/2078/079 को Construction of RCC Framed Toilet Block of Dhangadhi Secondary School Ward No. -08, DSMC कार्यको लागी रु. ५४,४०,०४७/६१ मा सम्झौता भई निर्माणका क्रममा निर्माण स्थलको अवस्था अनुसार जगको उचाई बढाउनु पर्ने, शौचालयको Partition Wall थप गर्नुपर्ने र Sanitary Works को परिमाण थप गर्नुपर्ने भएकाले उक्त कार्यको भेरियसन रकम रु. ८,१४,८५४/११ थप भई जम्मा खर्च रु. ६२,५४,९०१/७३ भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ ( बाह्रौ संसोधन समेत ) को नियम ११८ बमोजिम स्वीकृति भएको भेरियसन आदेशको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १४:-**

यस धनगढी उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय बाट स्वीकृत भई फोहोरमैला व्यवस्थापन गर्न वार्ड.नं.३ चटकपुर गौशाला नजिकको जग्गा Segragation Site को Segragation Shead गर्न मिति २०७९/०८/१२ मा सूचना प्रकाशित भई Trinetra Construction & Consult Pvt.Ltd. संग ठेक्का सम्झौता भएको र कार्यादेश दिई कम शुरु गर्ने क्रममा स्थानीय बासिन्दाहरुले बिरोध गरी काम गर्न नदिएपछि उक्त कार्य वार्ड.नं.२ , BIO-GAS PLANT दक्षिण तिर गर्ने निर्णय भई काम गर्दा Site Condition अनुशर होचो जग्गा भएको कारण Plinth को उचाई बढाउनु पर्ने र भारन तथा अन्य कार्यहरु को परिमाण site अनुशार बढने भएकोले, सो अनुसार Revised Estimate गर्दा लागत रु. २२,०३,८३१/५८ हुन गई पुरानो कबुल अंक रु रु.१६,४२,७६९/८६ मा रु ५,६१,०६१/९९ थप भुक्तनी दिने निर्णय गरियो।

**निर्णय नं. १५:-**

यस धनगढी उप-महानगरपालिकाको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रातो किताबको सि.नं. १६५ मा लागत सहभागितामा सडक पुल र सडक नाली निर्माण गर्ने कार्यका लागि रु. १,००,००,०००।– (अक्षेरपी एक करोड मात्र) विनियोजन गरिएकोमा सो रकमलाई नगर क्षेत्रभित्रको त्रिनगर भन्सार मोहना पुल देखि अत्तरिया छ लेन सडकमा स्मार्ट सडकबत्ति जडान कार्य भईरहको हुँदा उक्त छ लेन सडकको भन्सार पुलदेखि चौराहा र एयरपोर्ट चोकदेखि उत्तर धनगढी उ.म.न.पा. को सीमा क्षेत्रसम्म (२ कि.मि.जति) अपुग भै Smart Street Light जडान गर्न बाँकी रहने भएकाले उक्त बाँकी रहने स्थानका लागि Smart Street Light जडान गर्न नेपाल विद्युत प्राधिकरण, उर्जा दक्षता तथा चुहावट नियन्त्रण विभाग , राष्ट्रिय सडकबत्ति प्रवर्द्धन आयोजनाको प.सं. २०७९/०८०, च.नं. ९१, मिति २०७९/१०/०९ गतेको प्राप्त पत्रसाथ संलग्न लागत अनुमान अनुसार मू.अ.क. सहित आवश्यक रकम रु. १,१२,९८,६१०.८०(अक्षरुपी एक करोड बाह्र लाख अन्ठानब्बे हजार छ सय दश रुपैया असी पैसा मात्र) लाग्ने देखिएकोले उक्त कार्यका लागि रातो किताबको सि.नं. १६५ मा विनियोजित रकम रु. १,००,००,०००।– (अक्षरुपी एक करोड मात्र) लाई रकमान्तर गरी बाँकी रहन जाने रकम् रु. १२,९८,६१०.८० (अक्षरुपी बाह्र लाख अन्ठानब्बे हजार छ सय दश रुपैयाँ असी पैसा मात्र) पछी अन्य शिर्षकबाट व्यवस्थापन गर्ने गरी जडान कार्य अगाडी बढाउन मिति २०७९/१०/१५ गते नगर प्रमुखस्तरबाट भएको निर्णय अनुमोदन गरियो ।

**निर्णय नं. १६ :-**

यस धनगढी उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय बाट स्वीकृत भई फोहोरमैला व्यवस्थापन गर्न वार्ड.नं.३ चटकपुर गौशाला नजिकको जग्गा Segragation Site को Fenching गर्न मिति २०७९/०८/१२ मा सूचना प्रकाशित भई I.D. Engineering Construction & Consult Pvt. Ltd. संग ठेक्का सम्झौता भएको र कार्यादेश दिई कम शुरु गर्ने क्रममा स्थानीय बासिन्दाहरुले बिरोध गरी काम गर्न नदिए पछि उक्त कार्य वार्ड.नं.२ , BIO-GAS PLANT दक्षिण तिर गर्ने निर्णय भई काम गर्दा Site Condition अनुशर होचो जग्गा भएको कारण Fenching Pole को उचाई बढाउनु पर्ने र लम्बाई पनि site अनुशार बढने भएकोले, सो अनुसार Revised Estimate गर्दा लागत रु. रु. ९,५२,२९७/१२ हुन गई पुरानो कबुल अंक रु. ७,३६,४७६/१७ मा रु २,१५,८२०/९५ थप भुक्तनी दिने निर्णय गरियो ।

**निर्णय नं. १७:-**

यस उप-महानगरपालिकाको आगामी आ.व. ०८०/८१ को वार्षिक कार्यक्रम कार्यान्वयन कार्य तालिका स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८:-**

यस धनगढी उप-महानगरपालिकाको चालु आ.व.२०७९/०८० को सम्पन्न हुन बाँकी योजना तथा कार्यक्रम सम्बन्धी कामहरुको कार्यान्वयन सम्बन्धमा परेका बाधा अड्काउ फुकाउनको लागि आवश्यक निर्णय गरी कार्यान्वयन गर्नका लागि नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

आजको बैठक अन्त गरियो ।